नेपाल सरकार

श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

**ई.पी.एस.कोरिया शाखा**

**ग्वार्को, ललितपुर ।**

# CCVI फाराम दर्ता सम्बन्धि सूचना !!

२०७७/०४/०२

कोभिड १९ महामारी बिरुद्द लड्न कोरिया सरकारले बिभिन्न मापदण्ड लागु गर्दै Visa का सम्बन्धमा थप कागजात माग गरेकोले यस अघिनै यस शाखामा बिभिन्न मितिमा CCVI form बुझाईसकेका र फेब्रवरी महीनामा CCVI जारी भै फाराम बुझाउन बाँकी रहेका तर **LC / CCVI** cancel नभएका यसै सूचना साथ संलग्न नामावली बमोजिमका ब्यक्तिहरुले तपसिल बमोजिमका कागजात यस शाखामा पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल:-**

**(१) Health Certificate तथा T.B Checkup :-**

कोरोना लक्षण जाँच गरेको Health Certificate ४८ (अठ्चालिस) घण्टा भित्र भिषा निवेदन साथ पेश गर्नु पर्ने भएकोले report प्राप्त हुना साथ यस शाखामा बुझाउनु होला । यसका लागी आफुलाई यस सूचनामा तोकिएको अस्पताल र मितिमा स्वास्थ्य परिक्षण गराउन सकिने ब्यहोरा अनुरोध छ । Health Certificate सँग **T.B Checkup report** समेत पेश गर्नु पर्नेछ । स्वास्थ्य परीक्षणको लागी अस्पताल जाँदा राहदानीको प्रतिलिपी तथा ३ प्रति फोटो आवश्यक पर्ने छ ।

**(२) Health Condition Report Form र Consent to Quarantine:-**

यसै सूचनासाथ संलग्न यी दुईवटा form download गरी पढि, बुझि, अनिवार्य आफ्नो **नामथर** लेखी, मिति राखेर सही (Signature) गरी साथै पेश गर्नु पर्नेछ । Download गरीएको फाराम नकाटीएको प्रष्ट बुझिने हुनु पर्ने छ ।

**(३) Police Report:-**

यस अघि CCVI form भर्दा पेश गरेको Police report को ३ (तीन) महिने म्याद समाप्त भईसकेकोले अनिवार्य रुपमा पुन: Police Report बनाई पेश गर्नु पर्नेछ । नयाँ CCVI फाराम भर्नेहरुले समेत अनिवार्य रुपमा यो report पेश गर्नु पर्नेछ ।

**(४) Visa Fee:-**

यस अघि नै भिषा शुल्क तिरी CCVI फाराम बुझाइसकेकाहरु बाहेकका ब्यक्तिहरुले भिषा शुल्क बुझाई भौचर समेत संलग्न गर्नु पर्ने छ ।

**नोट:-** CCVI आई यस शाखामा बुझाउनु पर्ने ब्यक्तिहरुको CCVI form यसरी नै क्रमश: नामावली प्रकाशन गरी लिइने ब्यहोरा अनुरोध छ ।साथै कार्यालयमा आउँदा अनिवार्य रुपमा **Mask** र **पन्जा** लगाई आउन समेत अनुरोध छ ।

**"कोरोनाबाट बच्न सुरक्षित उपाय अपनाऔं । आफु पनि बचौं, अरुलाई पनि बचाऔं ।"**

**धन्यबाद !**